# श्री सिन्धुपाल्चोक जिल्ला अदालतबाट जारी भएको

सूचना !!　　　　सूचना !!　　　　सूचना !!

यस अदालतमा विभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आएको २०८१ साल वैशाख मसान्त सम्मका आम्दानी बाँधिएका विभिन्न किसिमका जिन्सी सामानहरु लामो समयसम्म सुरक्षित राख्न स्थानाभावका कारण सम्भव नभएको र उक्त सामानहरु सडी गली जाने, खिया लाग्ने, टुटीफुटी जाने भएकाले जिन्सी अव्यवस्थित हुन गएकोले फैसलानुसार फिर्ता पाउँने ठहर भएका उक्त सामानहरु **जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को उपनियम (१) र मुलकी ऐन २०२० को चोरीको महलको २१ नं. बमोजिमको म्याद भित्र सामान फिर्ता लिन नआएकोले सरोकारवाला** सबैलाई जानकारीको लागि पुनः यो ७ दिने **सूचना प्रकाशित गरिएको छ।** यस म्यादभित्र पनि आवश्यक प्रमाण सहित फिर्ता लिन नआएमा सामानहरु लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधीने छ। धरौटीमा आम्दानी बाँधिएको रकम कानूनका म्यादभित्र भुक्तानी लिन नआई म्याद गुजारी बसेमा पछि सरोकारवाला पक्षको कुनैपनि उजुर बाजुर लाग्ने छैन। उक्त धरौट खातामा रहेको रकम नेपाल सरकारको राजस्व खातामा सदरस्याहा हुने व्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराईन्छ।

ईति सम्वत् २०८१ साल जेष्ठ महिना २९ गते रोज ३ शुभम्......।